नेपाल सरकार

राष्ट्रिय परीक्षा बोर्ड

# परीक्षा नियन्त्रण कार्यालय कक्षा १०

सानोठिमी भक्तपुर

**वि.सं. २०७६ को माध्यमिक शिक्षा परीक्षा कक्षा १० को नतिजा प्रकाशनसम्बन्धी प्रेस विज्ञप्ति**

वि.सं. १९९० सालदेखि परीक्षा नियन्त्रण कार्यालयले एसएलसी परीक्षा सञ्चालन गर्दै आएकोमा शिक्षा ऐन २०२८ को आठौं संशोधनले राष्ट्रिय परीक्षा बोर्ड गठन भई कक्षा १० को परीक्षा समेत सोही बोर्डबाट सञ्चालन गर्ने व्यवस्था बमोजिम राष्ट्रिय परीक्षा बोर्ड, परीक्षा नियन्त्रण कार्यालय कक्षा १० बाट उक्त कार्य सम्पादन गरिंदै आएको छ ।

वि.सं २०७६ सालको माध्यमिक शिक्षा परीक्षा मिति २०७६/१२/०६ गते देखि सञ्चालनको लागि सम्पूर्ण तयारी पूरा भइसकेको अवस्थामा कोभिड-१९ महामारीका कारण COVID-19 संक्रमण रोकथाम तथा नियन्त्रण उच्चस्तरीय समन्वय समितिले मिति २०७६/१२/०५ गते परीक्षा स्थगित गर्न गरेको निर्णय अनुसार राष्ट्रिय परीक्षा बोर्डले उक्त परीक्षा स्थगित गरेको व्यहोरा स्मरण गराउन चाहन्छु । तोकिएका परीक्षा केन्द्रमा कोभिड-१९ महामारीका कारण परीक्षा सञ्चालन गर्न सम्भव नभएको र विद्यार्थीको शैक्षिक सत्र क्षति नहोस् भन्ने अभिप्रायले नेपाल सरकार मन्त्री परिषद्को मिति २०७७/०२/२८ को निर्णय एवं नेपाल राजपत्रमा प्रकाशित सुचनाबमोजिम राष्ट्रिय परीक्षा बोर्डले मिति २०७७/०३/०८ को बैठकबाट माध्यमिक शिक्षा परीक्षा (एस.इ.इ.) कक्षा १० को विद्यार्थी मूल्याङ्कन, नतिजा प्रकाशन तथा प्रमाणीकरण कार्यविधि, २०७७ स्वीकृत गरी सोही कार्यविधिका आधारमा शिक्षा विकास तथा समन्वय इकाइहरुबाट प्रमाणित भई आएको विद्यार्थीहरुको प्राप्ताङ्कलाई संकलन, रुजु र ग्रेडिङ् गरी नतिजा प्रमाणीकरण गरिएको व्यहोरा अनुरोध गर्दछु ।

यस वर्ष कूल ४,८२,९८६ (चारलाख बयासी हजार नौसय छयासी मात्र) विद्यार्थीले परीक्षाको लागि आवेदन भरेकोमा विद्यालयहरुबाट परीक्षाका लागि योग्य ४,७२,०७८ (चारलाख बहत्तर हजार अठहतर) जना विद्यार्थीहरुको प्रमाणित प्राप्ताङ्क विवरण मात्र प्राप्त भएको छ ।

माध्यमिक शिक्षा परीक्षा कक्षा १० को नतिजा प्राप्त गर्नका लागि गत विगतका बर्षहरुमा जस्तै टेलिफोन (IVR), एसएमएस र वेभसाइटको व्यवस्था गरिएको छ । त्यसका लागि

निम्न सेवाप्रदायक संस्थाहरुको कोड प्रयोग गरी देहायबमोजिमको सेवा लिन सकिने व्यहोरा अवगत गराउछु ।

- टेलिफोन (IVR)

  नेपाल टेलिकमको १६०० डायल गरी प्राप्तहुने निर्देशन बमोजिम नतिजा सुन्न सकिनेछ ।

- एसएमएस (SMS)

  इजी सर्भिस प्रा.लि.को कोड नं.३४९४९, एनसेल प्रा.लि.को कोड नं.१६०० र नेपाल टेलिकमको कोड नं.१६०० मा एसएमएस गरी नतिजा प्राप्त गर्न सकिनेछ ।

- वेभसाइट (Website)

  निम्नानुसारका वेभसाइटहरु (Website) प्रयोग गरी नतिजाको जानकारी प्राप्त गर्न सकिनेछ ।

| | | |
|---|---|---|
| १. | www.see.gov.np | माध्यमिक शिक्षा परीक्षा कक्षा १० |
| २. | www.neb.gov.np | राष्ट्रिय परीक्षा बोर्ड |
| ३. | www.doe.gov.np | शिक्षा तथा मानव स्रोत विकास केन्द्र |
| ४. | www.see.ntc.net.np | नेपाल दुर संचार प्राधिकरण |
| ५. | www.see.edusanjal.com | इडियु सञ्जाल डट कम |
| ६. | www.ncell.axiata.com.np | एनसेल प्रा.लि. |
| ७. | www.ekantipur.com.np | कान्तिपुर पब्लिकेशन प्रा.लि. |
| ८. | www.nepaltvonline.com | नेपाल टेलिभिजन |

उल्लेखित वेभसाइटहरु मध्ये राष्ट्रिय परीक्षा बोर्ड र परीक्षा नियन्त्रण कार्यालय कक्षा १० तथा नेपाल टेलिकमको वेभसाइटहरुमा परीक्षार्थीको सिम्बोल नम्बर र जन्ममिति प्रविष्टी गरेर ग्रेड तथा स्तरीकृत अङ्क (GPA) प्राप्त गर्न सकिनेछ ।

परीक्षाफल प्रमाणीकरणमा सकभर त्रुटी नहोस भन्ने प्रयास गरिएको छ । त्रुटिरहित गराउने प्रयास गर्दा गर्दै विविध कारणले विद्यार्थीहरुको नतिजा स्थगित भएमा, वा नाम, थर तथा जन्ममितिमा त्रुटी भएमा सम्बन्धित विद्यालयको सिफारिससहित आजका मितिले

३५ दिन भित्र सम्बन्धित शिक्षा विकास तथा समन्वय इकाइमा निवेदन दिनुपर्नेछ । शिक्षा विकास तथा समन्वय इकाइहरुले निवेदन सङ्कलन गरी परीक्षा नियन्त्रण कार्यालयमा पठाउनु पर्ने व्यवस्था **माध्यमिक शिक्षा परीक्षा (एस.इ.इ.) कक्षा १० को विद्यार्थी मूल्याङ्कन, नतिजा प्रकाशन तथा प्रमाणीकरण कार्यविधि, २०७७** मा उल्लेख भएकोले सम्बन्धित सबैले सोही बमोजिम गर्न गराउनुहुनसमेत अनुरोध गर्दछु ।

नतिजा प्रमाणीकरण पश्चात पुनर्योग तथा पूरक ग्रेडवृद्धि परीक्षा सञ्चालन सम्बन्धी कार्य यस बर्ष हुने छैन ।

अन्त्यमा, माध्यमिक शिक्षा परीक्षा कक्षा १० को नतिजा सार्वजनिक गर्ने प्रयोजनका लागि विद्यालयका प्रधानाध्यापक एवम् मूल्याङ्कन समितिका सदस्यहरु, शिक्षा विकास तथा समन्वय इकाइका प्रमुख तथा अन्य कर्मचारीहरु, स्थानीय निकायका शिक्षा अधिकृतहरु, सूचना प्रवाहमा सहयोग पुर्‍याउनुहुने पत्रकार मित्रहरु लगायत यस संग सम्वद्ध सबैलाई धन्यवाद दिदै नतिजा प्राप्त गर्ने सबै विद्यार्थी भाइ बहिनीहरुलाई बधाई दिन चाहन्छु साथै निम्न सिम्वोल नम्वरका परीक्षार्थीहरूको नतिजा स्थगित गरिएको छ ।

००२०००८५N,००२०२२७२R र००२०२२७५U

धन्यवाद ।

मिति २०७७/०५/०१

नियन्त्रक
राष्ट्रिय परीक्षा बोर्ड
परीक्षा नियन्त्रण कार्यालय कक्षा १०